# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग

## रुपैयाँ ५० दरको बैंकनोट प्रचलनमा ल्याउने बारेको सूचना

मितिः २०८३-०६-०२

यस बैंकले रुपैयाँ ५० दरको साविककै आकार तथा रङ्गमा, सङ्केत नं. ट/२४ ०००००१ देखि ण/७० ९९९९९९ सम्म भएको देहाय बमोजिमका विशेषताहरू भएको नोट सम्वत् २०८३ साल असोज महिना २ गतेदेखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### नोटको अग्र भागमा

१. नोटको मध्य खण्डमा "श्री नेपाल राष्ट्र बैंक, नेपाल सरकारको जमानत प्राप्त यसको रुपैयाँ भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैयाँ ५० रुपैयाँ पचास तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश उल्लेख भएको ।

२. नोटको बायाँतर्फ सगरमाथा हिमालको चित्र तथा दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको र सोको मुनि "50" अङ्कित पानी छाप समेत रहेको । नोटको तल्लो खण्डमा सिरिज नम्बर "वि.सं. २०८२" लेखिएको ।

३. नोटमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको दस्तखत रहेको ।

४. नोटमा १.२ मि.मी. चौडा भएको कागजमा बुनिएको सुरक्षण धागोलाई प्रकाशतर्फ पारेर हेर्दा पूर्ण रूपमा देखिने र उक्त धागोमा "NRB" लेखिएको ।

### नोटको पृष्ठ भागमा

१. नोटको मध्य खण्डमा हिउँ चितुवाको चित्र र सोको माथि "NEPAL RASTRA BANK" लेखिएको ।

२. नोटको तल्लो खण्डमा "RUPEES FIFTY" र सिरिज नम्बर "2025 A.D." लेखिएको ।

### पुनश्च

यसअघि मिति २०७७ साल असार २२ गतेदेखि रुपैयाँ ५० दर (सिरिज २०१९) को बैंकनोट सङ्केत नं. ज/८९ ०००००१ देखि ट/२३ ९९९९९९ सम्म चलनचल्तीमा ल्याइने भनी सूचना प्रकाशित गरिएकोमा सङ्केत नं. ज/८९ ०००००१ देखि ट/२३ ९००००० सम्म मात्र चलनचल्तीमा ल्याइएको व्यहोरा सूचित गरिन्छ ।

*"नोट राष्ट्रको सम्पत्ति हो, यसको जतन गरौं ।"*

# Know Your Nepalese Rupees 50 (2025 series)

### Obverse




### Reverse




## Banknote Features

### Look



**1 Watermark**

Hold the banknote up to the light, you can see the watermark of Rhododendron and Electrotype of the numeral "50".



**2 Security Thread**

Hold the banknote up to the light, you can see the letters "NRB" and inverted.

### Feel










**3 Raised Ink**

Run your fingers over the banknote and feel the areas where the ink is thicker.

© Nepal Rastra Bank